# स्थानीय तहको आर्थिक ऐन

## मनहरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** मनहरी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मनहरी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।
(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि मनहरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **जरिवाना शुल्क :** गाउँपालिका भित्र रहेका जग्गाको मालपोत आर्थिक वर्ष नघाई वुझाएमा, गाउँपालिका भित्र संचालन भएका घट्ट, राईस मिल, बन्दुकको समय नघाई नविकरण गरेमा र यस गाउँपालिका भित्र रहेका निजी क्रशर उद्योग वा अन्यत्र रहेपनि यस गाउँपालिकामा आश्रीत रही काम गरिरहेका निजी उद्योगहरुले बन तथा खोलामा खाल्टो खन्ने सार्वजनिक वा व्यक्तिगत सम्पत्तिलाई हानी नोक्सानी हुने गरी व्यक्तिले तथा मेशिनद्धारा खोतल्ने कार्य गरेमा त्यस्ता निजी उद्योहरुबाट पर्न जाने विपत्तीबाट पिडित नागरिकलाई सहयोग गर्नको लागि र बिगारिएको बातावरण सुधार गर्नको लागि अनुसूचि- १४ मा उल्लिखित दरमा त्यस्ता निजी उद्योगहरुसंग सम्बन्धित भई सामान ढुवानी गर्ने सवारिसाधन सम्बन्धित उद्योगबाट जरिवाना असुल उपर गरिने छ ।

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनूसुची : १**

**आर्थिक वर्ष २०७४।०७५ श्रावण १ गते देखि लागु हूने गरी मनहरी गाउपालिकाको गाउ सभाबाट स्वीकृत भूमि कर प्रति कठ्ठा (मालपोत) रु.**

| | | |
|---|---|---|
| १ | पूर्ब पश्चिम राजमार्ग संग जोडिएको जग्गा | ६०।०० |
| २ | स्लाब ढलान बाटो भएको जग्गा | ५०।०० |
| ३ | ग्राभेल बाटो भएको जग्गा | ४०।०० |
| ४ | कच्ची सडक जग्गा | ३०।०० |
| ५ | गोरेटो बाटो जग्गा | २५।०० |
| ६ | बाटो नभएको जग्गा | २०।०० |
| माथिको दररेटमा बक्यौता बांकीको एक बर्ष सम्म २० प्रतिसत र त्यसपछि क्रमश: प्रतिबर्ष ५ प्रतिसत (८० प्रतिसत भन्दा नबढ्ने गरी) थप लाग्ने छ। | | |

**अनूसुची : २**

**आर्थिक वर्ष २०७४।०७५ श्रावण १ गते देखि लागु हूने गरी मनहरी गाउपालिकाको गाउ सभाबाट स्वीकृत घर वहाल तथा सम्पत्ति वहाल शूल्क**

**गाउपालिकाको यन्त्र उपकरण प्रयोग गरेवापत**

| | | | |
|---|---|---|---|
| १ | व्याकहो लोडर भाडामा परिचालन | उपभोक्ता समितिलाई प्रति घण्टा ( स्वयंले तेल हालेर) | रु. १०००।०० |
| २ | व्याकहो लोडर भाडामा परिचालन | अन्य ( स्वयंले तेल हालेर) | रु. १२००।०० |
| नोट: क) गाउपालिकाको लागत सहभागितामा संचालन हूने योजनाको काममा २० प्रतिशत छूट | | | |
| क) कार्यालयमा रकम दाखिला भएपछि काम हून नसकी रकम फिर्ता माग भएमा २५ प्रतिशत रकम कट्टी गरिनेछ । | | | |
| ख) गाउपालिका क्षेत्र बाहिरका कूनैपनि निकायका लागि छूट सूविधा उपलब्ध नहूने । | | | |
| ३ | गाउपालिका क्षेत्रभित्र भित्र कूनै व्यक्ति वा संस्थाले भवन,घर,पसल,ग्यारेज, गोदाम, टहरा, छुप्पर,जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा | | **वहाल रकमको २ प्रतिशत** |

अनूसूची ३

आर्थिक वर्ष २०७४।०७५ श्रावण १ गते देखि लागु हूने गरी मनहरी गाउपालिकाको गाउ सभाबाट स्वीकृत व्यवसाय करको दर रेटहरु

| सि.नं. | व्यापारिक वस्तु | स्वीकृत दरहरु रु. |
|---|---|---|
| १ | **खाद्य किराना** | |
| १.१ | सूपर मार्केट स्टोर | १५००।०० |
| १.२ | बजार क्षेत्रका थोक तथा खूद्रा दूबै बिक्रेताको लागि | १०००।०० |
| १.३ | साना किराना तथा घूम्ती पसल | ५००।०० |
| २ | **मासू बिक्रेता** | |
| २.१ | धेरै थरिका मासू बिक्रेताको लागि | ७००।०० |
| २.२ | एकथरिका मात्र मासू बिक्रेताको लागि | ५००।०० |
| ३ | **सूनचांदी तथा गरगहना** | |
| ३.१ | सूनचांदी तथा गहनाहरुको खरिद बिक्री गर्ने ( सोरुम सजावट भएकालाई) बिक्रेताको लागि | १५००।०० |
| ३.२ | सूनचांदी तथा गहनाहरुको खरिद बिक्री गर्ने ( सोरुम सजावट नभएकालाई) बिक्रेताको लागि | १०००।०० |
| ३.३ | ज्याला मात्र लिई सूनचांदी तथा गहनाहरुको सम्बन्धि काम गर्ने (ज्यासल) को लागि | १०००।०० |
| ३.४ | नक्कली सून जस्तो देखिने | ७००।०० |
| ४ | **श्रृगारका , खेलौना तथा उपहार (गिफ्ट) सामानहरु** | |
| ४.१ | थोक सहित खूद्रा बिक्रेताको लागि | १०००।०० |
| ४.२ | खूद्रा बिक्रेताको लागि | ५००।०० |
| ४.३ | खेलाना तथा गिफ्ट बिक्रेता | २००।०० |
| ५ | **निर्माण सामग्री ,हार्डवेयर(स्यानिटरी,सिसा,प्लाई,ग्रील,गीटी,ढूंगा,बालूवा, ईटा ईत्यादी)** | |
| ५.१ | थोक बिक्रेताको लागि | १५००।०० |
| ५.२ | खूद्रा बिक्रेताको लागि | १०००।०० |
| ५.३ | थप एक प्रति गोदाम | ३००।०० |
| ६ | **मेशिनरी तथा सवारी साधन र सो सम्बन्धि पार्टस** | |
| ६.१ | मेशिनरी तथा सवारी साधन दूबै सो सम्बन्धि पार्टस बिक्रेता तथा सर्भिसि सेन्टर | १०००।०० |
| ६.२ | लेथ मेशीन र सवारी साधन सर्भिस | ८००।०० |
| ७ | **पाठ्यपूस्तक तथा स्टेशनरी तथा खेलकूद सामाग्री** | |
| ७.१ | ठुलो स्टोर(थोक सहित खूद्रा) | १०००।०० |
| ७.२ | सानो स्टोर(खूद्रा मात्र) | ५००।०० |
| ८ | **फार्मेसी ,औषधी ,तथा आयूर्बेदिक पसल** | |
| ८.१ | थोक तथा खूद्रा बिक्री सहित क्लीनिक भएकाहरुको लागि | १०००।०० |
| ८.२ | खूद्रा बिक्री क्लीनिक नभएकाहरुको लागि(ग्रामिण आयूर्बेद समेत) | ५००।०० |
| ८.३ | चस्मा (अप्टीकल सेवा) मर्मत तथा बिक्री गर्ने बिक्रेताहरुको लागि | २००।०० |
| ९ | **कृषीजन्य औषधि ,बिउ बिजन तथा मलखाद** | |
| ९.१ | कृषी तथा भेटनरी औषधि सहित मलखाद र बिउ बिजन समेत बिक्रेताको लागि | १०००।०० |
| ९.२ | कृषी तथा भेटनरी औषधि तथा बिउ बिजन बिक्रेताको लागि | ५००।०० |
| ९.३ | कृषी तथा भेटनरी औषधि तथा मलखाद बिक्रेताको लागि | ५००।०० |
| ९.४ | कृषी तथा भेटनरी औषधि मात्र बिक्रेताको लागि | ३००।०० |

| | | |
|---|---|---|
| ९.५ | मलखाद तथा बिउबिजन बिक्रेताको लागि | ३००।०० |
| **१०** | **कपडा तथा फेन्सी सम्बन्धि** | |
| १०.१ | तयारी तथा थान कपडा बिक्रेताहरुको लागि | **१०००।००** |
| १०.२ | सिलाई सम्बन्धि सामाग्री ( टांक, धागो लगाएत अन्य) सामान बिक्रेताहरुको लागि | **७००।००** |
| **११** | **जूत्ता तथा चप्पल सम्बन्धि** | |
| ११.१ | जूत्ता चप्पल बिक्रेताहरुको लागि | **१०००।००** |
| **१२** | **भांडा पसलहरु** | |
| १२.१ | तामा,पित्तल,स्टिल तथा अल्मूनियमका भांडा बिक्रेताको लागि | **१०००।००** |
| १२.२ | प्लास्टिक जन्य भांडा बिक्रेताको लागि | **५००।००** |
| १२.३ | माटोका भांडा बिक्रेताको लागि | **०।००** |
| **१३** | **ईलेक्ट्रीक एण्ड ईलेक्ट्रोनिक्स सामान बिक्रेताको लागि** | |
| १३.१ | ईलेक्ट्रीक एण्ड ईलेक्ट्रोनिक्स सम्बन्धि दूबै सम्बन्धि सामान बिक्रेताको लागि | **१०००।००** |
| १३.२ | ईलोक्ट्रनिक्स सम्बन्धि सामान बिक्रेताहरुको लागि | **७००।००** |
| १३.३ | कम्प्युटर एवं पार्टस सम्बन्धि बिक्रेताको लागि | **१०००।००** |
| १३.४ | घडि, रेडियो तथा भिडियो सि.डि. बिक्रेताको लागि | **५००।००** |
| १३.५ | मोबाईल एवं पार्टस बिक्रेताहरुको लागि(टि.भि. मोबाईल मर्मत समेत) | **५००।००** |
| **१४** | **फर्निचर सम्बन्धित** | |
| १४.१ | काठ, स्टिल,प्लास्टिक सामान सहित कार्पेट समेत बिक्र गर्ने बिक्रेताको लागि | **१०००।००** |
| **१५** | **मदिरा तथा सूर्तिजन्य समान बिक्रेताको लागि** | |
| १५.१ | मदिराको थोक बिक्रेताको लागि | **१५००।००** |
| १५.२ | मदिराको खूद्रा बिक्रेताको लागि | **१०००।००** |
| १५.३ | चूरोटका डिलरहरुलाई | **१०००।००** |
| १५.४ | सूर्ति प्याकेजि गर्ने हरुको लागि | **५००।००** |
| **१६** | **तरकारी तथा फलफूल** | |
| १६.१ | तरकारीका थोक बिक्रेताका लागि | **१५००।००** |
| १६.२ | तरकारीका खूद्रा बिक्रेताको लागि | **५००।००** |
| १६.३ | फलफूलको थोक बिक्रेताको लागि | **१५००।००** |
| १६.४ | फलफूलका खूद्रा बिक्रेताको लागि | **५००।००** |
| १६.५ | तरकारी तथा फलफूल ठेला ठुलो | ३००।०० |
| १६.६ | तरकारी तथा फलफूल ठेला सानो | ०।०० |
| **१७** | **हस्तकलाका सामानहरु बिक्री गर्नेलाई** | |
| १७.१ | स्थानिय कच्चा पदार्थबाट उत्पादन गरि सामानहरु बिक्री गर्नेलाई | १००।०० |
| १७.२ | सामान आयात गरि बिक्री गर्नेहरुलाई | **५००।००** |
| १७.३ | आर्टस तथा पेन्ट कार्य | **५००।००** |
| **१८** | **पेट्रोलिय पदार्थ तथा ग्यांस बिक्रेता** | |
| १८.१ | पेट्रोल वा डिजेल बिक्रेताको लागि | **१५००।००** |
| १८.२ | ग्यास डिलरहरुको लागि | **५००।००** |
| | **बिशेषज्ञ परामर्श तथा अन्य ब्यसायिक सेवा** | |
| **१९** | **चिकित्सक** | |

| | | |
|---|---|---|
| १९.१ | व्यवसायीक रुपमा चिकित्सक सेवा प्रदान गर्नेहरुका लागि(दन्त सेवा समेत) | १०००।०० |
| १९.२ | व्यवसायीक रुपमा कबिराज सेवा प्रदान गर्नेहरुका लागि | ५००।०० |
| २० | **इन्जिनियर** | |
| २०.१ | ईन्जिनियरि कन्सल्टेण्ट दर्ता गरि सेवा प्रदान गर्नेहरुका लागि | १५००।०० |
| २१ | **कानून ब्यबसायी** | |
| २१.१ | अभिबक्ताहरुलाई | ५००।०० |
| २१.२ | अधिबक्ताहरुलाई | १०००।०० |
| २२ | **लेखा परिक्षक** | |
| २२.१ | क बर्गको लागि | १५००।०० |
| २२.२ | ख बर्गको लागि | १०००।०० |
| २२.३ | ग बर्गकको लागि | ५००।०० |
| २२.४ | घ बर्गको लागि | ३००।०० |
| २३ | **अनुसन्धान कर्ता तथा परामर्शदाता** | |
| २३.१ | बैदेशिक रोजगार परामर्शदाता | १५००।०० |
| २३.२ | बैदेशिक अध्ययन परामर्शदाता | १५००।०० |
| २३.३ | तालिम तथा अनुसन्धान केन्द्रहरु | १५००।०० |
| २४ | **कम्प्यूटर एनालिष्ट तथा प्रेगामर** | |
| २४.१ | कम्प्यूटर एनालिष्ट तथा प्रेगामर | १५००।०० |
| २४.२ | बिमा कम्पनी | १५००।०० |
| २४.३ | बिमा सर्भेयर | १५००।०० |
| २५ | **पशू चिकित्सक** | |
| २५.१ | पशू चिकित्सक् तथा सहायक(निजी व्यबसायी) | १५००।०० |
| २६ | **निर्माण ब्यबसाय :□गांउ पालिकामा प्रधान कार्यालय भएको निर्माण ब्यबसायमा वा अन्यत्र बाट निर्माणको लागी गांउ पालिकामा आएको** | |
| २६.१ | “क” बर्गको लागि | ३०००।०० |
| २६.२ | “ख” बर्गको लागि | २५००।०० |
| २६.३ | “ग” बर्गको लागि | २०००।०० |
| २६.४ | “घ” बर्गको लागि | १५००।०० |
| २७ | **खाद्य तथा पेय सम्बन्धि** | |
| २७.१ | दूग्ध तथा दग्धजन्य सामग्री उत्पादन गर्ने उद्योगहरु | ५००।०० |
| २७.२ | चामल,चिउरा,तेल तथा दाल मिल तथा उद्योगहरु | १०००।०० |
| २७.३ | अन्यत्र बाट आएका धान काट्ने थेसर(प्रति सिजन) | १०००।०० |
| २८ | **साना तथा घरेलू उद्योगहरु** | |
| २८.१ | धूप, अबिर, मैनबत्ती घरलू उद्योगहरु | २००।०० |
| २८.२ | मसला उद्योगहरु | २००।०० |
| २८.३ | हस्तकला उद्योगहरु | २००।०० |
| २९ | **निर्माण सामाग्री उद्योगहरु** | |
| २९.१ | गिट्टी, बालूवा लगाएतका उद्योगहरु | १५००।०० |
| २९.२ | प्यकेजि बस्तू उत्पादन उद्योगहरु | ५००।०० |

| | | |
|---|---|---|
| २९.३ | ब्लक उत्पादन उद्योगहरु | १०००।०० |
| २९.४ | फलामे औजार उत्पादन गर्ने उद्योगहरु | १०००।०० |
| २९.५ | अन्य माथी उल्लेख नभएकोहरुका लागि | १०००।०० |
| ३० | **ब्यबसायीक कृषी फर्महरु** | |
| ३०.१ | ग्रामीण कूखुरा पालन गर्नेहरुको लागि(५०० सम्म) | २००।०० |
| ३०.२ | २००० सम्म कूखुरा पालन गर्नेहरुको लागि | ५००।०० |
| ३०.३ | २००० भन्दा बढी कूखुरा पालन गर्नेहरुको लागि | १०००।०० |
| ३०.४ | माछा पालन | २००।०० |
| ३०.५ | बंगुर तथा रांगो पालन गर्ने ब्यबसायीहरुलाई | ३००।०० |
| ३०.६ | गाई,भैंसी तथा बाख्रा पालन गर्ने ब्यबसायीहरुलाई | ३००।०० |
| ३०.७ | कृषी फर्महरु कम्पनी दर्ता गरि संचालन गर्नेहरुलाई | १००।०० |
| ३१ | **ब्यवसायीक नर्सरी** | |
| ३१.१ | ब्यवसायीक नर्सरी गर्नेहरुलाई | १००।०० |
| ३१.२ | फूल तथा बिरुवा सम्बन्धि | १००।०० |
| ३२ | **पर्यटन उद्योग** | |
| ३२.१ | होटल सहित लज सेवाभएकाहरुको लागि | १५००।०० |
| ३३ | **खाना तथा खाजा होटलहरु** | |
| ३३.१ | मदीरा सहितका नास्ता होटलहरु | १०००।०० |
| ३३.२ | चिया, नास्ता तथा खाना होटलहरु | ५००।०० |
| ३३.३ | पार्टी प्यालेस तथा क्याटरीङ. | ५००।०० |
| ३४ | **निजी संचार सेवा प्रदायक संस्थाहरु** | |
| ३४.१ | निजी क्षेत्रका ईन्टरनेट प्रदायक संस्थाहरु | ५००।०० |
| ३४.२ | एफ.एम. रेडीयो | ५००।०० |
| ३४.३ | पत्र पत्रिका | ०।०० |
| ३४.४ | निजी टेलिफोन प्रदायक संस्थाहरु | ५००।०० |
| ३५ | **बित्तिय सेवा** | |
| ३५.१ | क बर्गको बित्तिय संस्था | ६०००।०० |
| ३५.२ | ख बर्गको लागि | ५०००।०० |
| ३५.३ | ग बर्गकको लागि | ४०००।०० |
| ३५.४ | घ बर्गको लागि (प्रति शाखा) | ४०००।०० |
| ३५.५ | सहकारी संस्थाहरु | ५००।०० |
| ३६ | **स्वास्थ्य सेवा:□** | |
| ३६.१ | निजी क्षेत्रको अस्पतालहरु (सामूदायिक, सहकारी तथा नसिहोम हरु) को लागि | २०००।०० |
| ३६.२ | ल्याब तथा एक्सरे मात्र संचालन गर्नेहरुकको लागि | ५००।०० |
| ३७ | **कम्पनी तथा गुठी क्षेत्रका शिक्षालयहरु** | |
| ३७.१ | आधारभूत तह | १०००।०० |
| ३७.२ | माध्यामिक तह | १५००।०० |
| ३७.३ | प्राबिधिक शिक्षालय | २०००।०० |
| ३७.४ | टयूसन तथा कोचि सेन्टरहरु | १०००।०० |

| | | |
|---|---|---|
| **३८** | **ब्यूटी पार्लर तथा हजाम सेवा** | |
| ३८.१ | श्रंगारको सामान सहित ब्यूटी पार्लर गर्नेहरुलाई | १०००।०० |
| ३८.२ | ब्यूटी पार्लर मात्र गर्ने व्यवसायीहरुलाई | ५००।०० |
| ३८.३ | सैलूनहरुलाई | ५००।०० |
| **३९** | **फोटो स्टूडियो** | |
| ३९.१ | डिजिटल कलर ल्याब भएकाहरुलाई | ५००।०० |
| **४०** | **सिलाई बूनाई तथा अन्य** | |
| ४०.१ | सिलाई बूनाई तथा कटाई समेत गर्नेहरुलाई | ५००।०० |
| ४०.२ | टेण्ट सेवा | ५००।०० |
| ४०.३ | केबल नेटवर्कि ब्यबसाय | ५००।०० |
| ४०.४ | कवाडी सामान ब्यवसाय(संकलन) | ५००।०० |
| ४०.५ | साउण्ड सिस्टम, ईलेक्ट्रीक वा ईलोक्ट्रोनिक्स सामान भाडामा दिने ब्यबसायलाई | ५००।०० |
| ४०.६ | स:मिल समेतको फर्निचर उधोग | १०००।०० |
| ४०.७ | चिरानी मात्र गर्ने | १०००।०० |

## अनूसुचि : ४

**आर्थिक वर्ष २०७४।०७५ श्रावण १ गते देखि लागु हूने गरी मनहरी गाउंपालिकाको गांउ सभाबाट स्वीकृत सवारी साधन करका दर रेटहरु**

| **१.सवारी साधन दर्ता तथा नविकरण कर** | | |
|---|---|---|
| क | बस, ट्रक दर्ता तथा वार्षिक नविकरण | १०००।०० |
| ख | जिप, कार दर्ता तथा वार्षिक नविकरण | ८००।०० |
| ग | मिनि बस , माईक्रोबस दर्ता तथा वार्षिक नविकरण | ६००।०० |
| घ | व्याकहो लोडर दर्ता तथा वार्षिक नविकरण | २०००।०० |
| ङ | मोटर साइकल दर्ता तथा नविकरण | १००।०० |
| च | मयूरी,अटो,टयाक्सी | ३००।०० |
| छ | टयाक्टर | ५५०।०० |
| ज | म्याजीक फोर्स आदी | ५००।०० |

## अनूसुची : ५

**आर्थिक वर्ष २०७४।०७५ श्रावण १ गते देखि लागु हूने गरी मनहरी गाउपालिकाको गाउ सभाबाट स्वीकृत प्रचार तथा विज्ञापन कर**

| १ | प्रचार तथा विज्ञापन कर | | करको दर |
|---|---|---|---|
| | व्यवसायीक दृष्टिकोणबाट प्रचार गर्न टांसिने वा राखिने प्रत्येक ग्लूवोर्ड, साइनबोर्ड, होर्डिङ बोर्ड आदिमा निम्न बमोजिम कर लाग्नेछ : | | |
| | क | होर्डिड. बोर्ड सार्बजनिक स्थान हरुमा प्रतिबर्गफूट | ७०।०० |
| | ख | होर्डिड. बोर्ड ल्फेक्स बोर्ड निजी स्थान हरुमा प्रति बर्गफूट | ५०।०० |
| | ग | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता , सटर वा पर्खालमा लेखिएकोमा वार्षक प्रति स्क्वा.फूट | २५।०० |
| | घ | बिधूत,सोलार वा टेलिफोन पोलमा प्रति बर्गफूट | ७५।०० |
| | ङ | कपडाको तूल र फ्रेम नगरिएको फ्लेक्स ब्यानर प्रति थान प्रति हफता | १५०।०० |
| | च | व्यबसाय प्रबर्द्धनको लागी प्रति व्यबसायी प्रति पसल २० फूट सम्मको १ थान बोर्ड निशूल्क:सो भन्दा बढी गा.पा.को स्वीकृतिमा प्रति एक थान माथिको दररेटमा | |

## अनूसूची ६

| | | |
|---|---|---|
| १ | **मनोरंजन कर: केबल नेटवर्क तर्फ प्रति ग्राहक प्रति बर्ष** | ५०।०० |

## अनूसूची ७

**आर्थिक वर्ष २०७४।०७५ श्रावण १ गते देखि लागु हूने गरी मनहरी गाउपालिकाको गाउ सभाबाट स्वीकृत गांउपालिकाको जग्गामा बनेका निम्न घर तथा पसलहरुमा लाग्ने बार्षिक भाडा तथा बहाल विटौरी दर**

| | |
|---|---|
| नेपाल रेडक्रस सोसाईटी मनहरी उपशाखा बसेको भबन | ४०००।०० |
| देबकोट सिम्पानी सामुदायीक ब.उ.स. बसेको भबन | ६०००।०० |
| दिव्यज्योती महिला साकोस बसेको भबन | ४०००।०० |
| साना किसान कृषि सहकारी बसेको भबन | ६०००।०० |
| बंगलामुखी सहकारी बसेको भबन | ४०००।०० |
| बिश्वज्योती सहकारी बसेको | ४०००।०० |
| रामबहादूर श्रेष्ठको पसल रहेको | ३६००।०० |
| प्रेमको किराना पसल रहेको | ३६००।०० |
| राजेन्द्र कालाखेतीको पसल रहेको | ३६००।०० |
| माथिको दररेट अनूसार प्रत्येक महिना दामासाहिले रकम दाखिला गर्नूपर्ने छ वा तोकिएको रकम एकमूष्ठ रुपमा पौष मसान्त सम्ममा दाखिला गर्न पनि सकिने छ । अन्यथा प्रति महिना थप रु. ५०० का दरले जरिवाना लाग्ने छ । | |

## अनूसुचि : ८

**आर्थिक वर्ष २०७४।०७५ श्रावण १ गते देखि लागु हूने गरी मनहरी गाउपालिकाको गाउ सभाबाट स्वीकृत सवारी साधन पार्किङ शूल्कका दर रेटहरु**

| १.सवारी साधन पार्किङ (प्रतिदिन) | | |
|---|---|---|
| क | बस, ट्रक | १००।०० |
| ख | जिप, कार | ५०।०० |
| ग | मिनि बस, माईक्रोबस | ७५।०० |
| घ | व्याकहो लोडर | २००।०० |
| ङ | मोटरसाइकल | ०।०० |
| च | मयूरी,अटो,टयाक्सी | २५।०० |
| छ | टयाक्टर | ६०।०० |
| ज | म्याजिक, फोर्स आदि । | ५०।०० |

## अनूसूची ९

**आर्थिक वर्ष २०७४।०७५ श्रावण १ गते देखि लागु हूने गरी मनहरी गाउपालिकाको गाउ सभाबाट स्वीकृत सिफारिस तथा सेवा शूल्कको दर रेटहरु**

| | | |
|---|---|---|
| १ | **नक्सा पास दस्तूर** | |
| क | नक्सा पास को निबेदन किताब | ३००।०० |
| ख | नक्सा पास बेसमेंन्ट भुई तल्ला देखि पांच तल्ला सम्म(प्रति स्क्वायर फिट) | ३।०० |
| ग | नक्सा नामसारी दस्तूर | ५००।०० |
| घ | उपरोक्त शूल्कमा भूकम्प पिडित लाई ५० प्र.स. छूट दिईने छ । | |
| २ | **गांउपालिका क्षेत्रमा घर पर्खाल बनाउन नक्सापास गरीपांउ भनि दिएको निबेदन बमोजीम नक्साको आधारमा (घर पर्खाल बनाउन नक्सापास गरिदिंदा)देहायबमोजीम दस्तूर लिईने छ ।** | |
| **क** | प्रत्यक तलाका लागी भाथिको दररेटमा १० प्र.स. थप शूल्क लाग्ने छ । | |
| **ख** | घर नक्साको प्रतिलिपी माग भएमा प्रति सेट | ४००।०० |
| **ग** | पर्खाल नक्साको प्रतिलिपी | ५००।०० |
| ३ | **जग्गा नामसारी सिफारिस** | |
| क | पैत्रीक जग्गा हकवावला लाई नामसारी गर्दा | २००।०० |
| ख | अपूताली परी हकवाला सिफारिस गर्दा | ५००।०० |
| ४ | **सिफारिस शूल्क** | |
| ४.१ | घर बाटो सिफारिस(घर,गोठ,बाटो भए नभएको) | |
| क | बाटो भएको जग्गा सिफारिस(राजमार्ग जोडिएको) | ६००।०० |
| ख | बाटो भएको जग्गा सिफारिस(कच्ची बाटो जोडिएको) | ३००।०० |
| ग | बाटो नभएको जग्गा सिफारिस | २५०।०० |
| घ | ढलान गरेको घर कायम | २००।०० |
| ङ | ईटा सिमेंन्ट जस्ता छाना घर कायम | १००।०० |
| च | कच्ची घर कायम | २५।०० |
| ४.२ | विद्यूत खानेपानी जडान सिफारिस दस्तूर : | |
| क. | थ्री फेस जडान(उद्योग धन्दा) | ३०००।०० |
| ख. | थ्री फेस जडान(अन्य प्रयोजन) | १५००।०० |
| ग. | पसलमा बिद्यूतजडानका लागी | २००।०० |
| घ | गार्हस्थ (घरायसी) प्रयोजनका लागी | २००।०० |
| ङ. | बिधूत लाईन ठाउं सारी | २००।०० |
| च. | खानेपानी जडान सिफारिस दस्तूर | २००।०० |
| ४.३ | व्यक्तिगत तथा चौहद्धी सिफारिस | |
| क | चौहद्धि (चार किल्ला) प्रमाणित प्र्तकित्ता | २००।०० |

| | | |
|---|---|---|
| ५ | अंग्रेजी भाषाबाट दिइने प्रति प्रमाणित सिफारिसमा(अंग्रेजी भाषा बाट दिईने छात्र वृत्ति समेत ) | ५००।०० |
| ६ | नागरिकता सिफारिस | १००।०० |
| ७ | जन्ममिति प्रमाणीत नेपालीमा | १००।०० |
| ८. | विवाह मिति प्रमाणीत नेपालीमा | १००।०० |
| ९. | चरित्र प्रमाणीत नेपालीमा | १००।०० |
| १० | नामथर संसोधन सिफारीस नेपालीमा | १००।०० |
| ११ | अविवाहित प्रमाणीत नेपालीमा | २००।०० |
| १२. | कोष प्रमाणीत नेपालीमा | १००।०० |
| १३ | सर्जिमन मूचूल्का दस्तूर | ३००।०० |
| १४ | घटना दर्ता जरिवाना | ५०।०० |
| १५ | जनजाती, दलित, पीछडिएका वर्ग मधेशी आदि अदालती तारीख आदी प्रमाणीत सीफारीसमा नेपालीमा | १००।०० |
| १६ | अन्य सीफारीसमा | १००।०० |
| क | अंगिकृत नागरीकता सिफारीसमा | ५००।०० |
| ख | नाबालक सिफारिस (नेपालीमा) | १००।०० |
| ग | घट्ट दर्ता सिफारिस | ५००।०० |
| घ | घट्ट नामसारी सिफारिस | ५००।०० |
| ङ | मिलापत्र दसतूर | १००।०० |
| च | नाता सम्वन्ध प्रमाणीत (नोपली भाषमा ) | २००।०० |
| छ | नाता सम्वन्ध प्रमाणीत (अग्रेजी भाषमा ) | ५००।०० |
| १७ | **आम्दानी प्रमाणीत** | ०.०१ प्र.स. |
| क. | सम्पत्ती मुल्यांकन(२५ लाख सम्म) | १०००।०० |
| ख. | सम्पत्ती मुल्यांकन(५० लाख सम्म) | २०००।०० |
| ग. | सम्पत्ती मुल्यांकन(१ करोड माथी) | ३०००।०० |
| घ. | माथिको सिफारिस अंग्रेजीमा गर्नूपरेमा थप रु. | ५००।०० |
| १८ | नामसारी तथा दर्ता सिफारिस शूल्क | ३००।०० |
| | **उद्योग दर्ता सिफारिस :** | |
| क. | पेट्रोल, डिजेल, मट्टीतेल पम्पको लागि | ५००।०० |
| ख. | अटो मोबाइल, अटो वर्क्ससपको लागि | ५००।०० |
| ग. | फर्निचर उद्योग | ५००।०० |
| घ. | अन्यको लागि सर्जमिन समेत(सवारी साधन समेत) | ६००।०० |
| ङ. | घरेलूमा दर्ता भै प्रा लि को सफिरीसका लागि सर्जमिन समेत | २०००।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| च. | निजी बिधालय अपग्रेडिङ. समेत | | | | | १५००।०० |
| छ | व्यबसाय तथा उधोग | | | | | ५००।०० |
| १९ | **काठको सिफारिस दिंदा :** | | | | | |
| क. | जर्ना प्रति चट्टा (सालको) | | | | | २०००।०० |
| ख | जर्ना प्रति चट्टा (अन्य कू काठको) | | | | | १०००।०० |
| | सामूदायीक बनबाट काठ सिफारिस दस्तूर | | | | | |
| | काठको ग्रेड (सालको) | | दर | काठको ग्रेड (अन्य) | दर | |
| क | ए ग्रेड | | १०० | अस्ना | ३० | |
| ख | बि ग्रेड | | ७५ | चाप तथा सिसौ | ३० | |
| ग | सी ग्रेड | | ५० | अन्य | १० | |
| | **काठको चिरानी अनूमती दिदा** | | | | | |
| | काठको ग्रेड (सालको) | | दर | काठको ग्रेड (अन्य) | दर | |
| क | ए ग्रेड | | ११२ | अस्ना | ४० | |
| ख | बि ग्रेड | | १०० | चाप तथा सिसौ | ४० | |
| ग | सी ग्रेड | | ८० | अन्य | २० | |
| २० | जडिबूटी निकासी सिफारिस | | | | | |
| | जडिबूटी प्रकार | | दर(प्रति क्यूफिट) | | | |
| क | खयर | ए ग्रेड | १५० | | | |
| ख | खयर | बि ग्रेड | १०० | | | |
| ग | अन्य जडिबूटी | | ५० | | | |
| २१ | गैह्र नाफामुलक सामाजिक संघसस्था दर्ता सिफारिसमा | | | | | २००।०० |
| २२ | अन्य सिफारिसमा | | | | | २००।०० |
| २३ | न्युनतम रु.५०० मा नघट्ने गरी घरसारको काठ सिफारिस दिदां प्रति क्यूविक फिटमा | | | | | २।०० |
| २४ | **कृषिजन्य बजार व्यबस्थापन शूल्क** | | | | | |
| क | तरकारी प्रति के.जी. | | | | | ०।२५ |
| ख | खाधान्न तथा दलहन प्र.ति.के.जी. | | | | | ०।५ |
| २५ | **सरसफाई शूल्क** | | | | | |
| क | ठुला होटल, लज, रेष्टूरेन्ट, संघ संस्था (सरकारी बाहेक) आदिलाई मासिक | | | | | २००।०० |
| ख | वित्तीय संस्था निजी विद्यालय, क्याम्पसहरुमा | | | | | १००।०० |
| ग | मासू पसल (ठुलो) मासिक | | | | | १००।०० |
| घ | साना होटल तथा रेस्टूरेन्टहरुका लागि मासिक | | | | | ५०।०० |
| ङ. | मासू पसल (सानो) मासिक | | | | | ५०।०० |

| | | |
|---|---|---|
| च. | घर गृहस्थीका लागि | ५०।०० |
| छ | पसलरूसटरवालाहरु संग प्रति पसलरूटहरा, चिया नास्ता होटेलमा मासिक | २५।०० |
| ज. | ठेलामा प्रतिदिन | ५।०० |
| | द्रष्टब्य: पसल र घर एकै व्यक्तिबाट सञ्चालन भएमा दूवैको सफाई शूल्क जोडी लिईनेछ । | |

## अनुसूची- (१४)

(दफा १५संग सम्बन्धित)

| |
|---|
| १) मालपोत आर्थिक बर्ष नघाई तिरेमा पहिलो बर्ष २० प्रतिशत थप जरिवाना |
| २) मालपोत २ आर्थिक बर्ष भन्दा बढी नघाई तिरेमा प्रत्येक बर्षको ५/५ प्रतिशतले थप (अधिकतम ७० प्र.स.) जरिवाना लाग्ने |
| ३) घट्ट आर्थिक बर्ष नघाई नबिकरण गरेमा पहिलो बर्ष ५ प्रतिशत थप जरिवाना |
| ४) घट्ट २ आर्थिक बर्ष भन्दा बढी नघाई नबिकरण गरेमा प्रत्येक बर्षको १० प्रतिशतले थप जरिवाना लाग्ने |
| ५) बन्दुक आर्थिक बर्ष नघाई नबिकरण गरेमा पहिलो बर्ष २० प्रतिशत थप जरिवाना |
| ६) बन्दुक २ आर्थिक बर्ष भन्दा बढी नघाई नबिकरण गरेमा प्रत्येक बर्षको ३० प्रतिशतले थप जरिवाना लाग्ने |
| ७) गाउँ पालिका क्षेत्र भित्र क्रशर उद्योग संचालन गरेको भएमा क्रशर उद्योगबाट बिक्रि बितरण भएको ढुङ्गा, गिटी,बालुवा तयारी माल ट्रयाक्टर बाट लगेमा प्रति टिप रु १००।- |
| ८) गाउँ पालिका क्षेत्र भित्र क्रशर उद्योग संचालन गरेको भएमा क्रशर उद्योगबाट बिक्रि बितरण भएको ढुङ्गा, गिटी,बालुवा तयारी माल सानो गाडी (६ चक्के) बाट लगेमा प्रति टिप रु ३००।- |
| ९) गाउँ पालिका क्षेत्र भित्र क्रशर उद्योग संचालन गरेको भएमा क्रशर उद्योगबाट बिक्रि बितरण भएको ढुङ्गा, गिटी,बालुवा तयारी माल ठूलो गाडी (१०/१२ चक्के) बाट लगेमा प्रति टिप रु ५००।- |
| १०) गाउँ पालिका क्षेत्र भित्र क्रशर उद्योग संचालन गरेको भएमा क्रशर उद्योगबाट बिक्रि बितरण भएको ओभरसाईज,पाङ्गो लगायत खानीजन्य माल ट्रयाक्टर/सानो गाडी (६ चक्के) बाट लगेमा प्रति टिप ५०।- |
| ११) गाउँपालिका क्षेत्र भित्र क्रशर उद्योग संचालन गरेको भएमा क्रशर उद्योगबाट बिक्रि बितरण भएको ओभरसाईज,पाङ्गो लगायत खानीजन्य माल ठूलो (१०/१२ चक्के) गाडी बाट लगेमा प्रति टिप १००।- |